# गैंडाकोट नगरपालिका

## स्थानीय राजपत्र

गैंडाकोट नगरपालिका द्धारा प्रकाशित

खण्ड : - ७  संख्या : - ३  मिति : २०८१/०३/१५


## भाग-१

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल उल्लेख भए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### विनियोजन ऐन, २०८१

गैंडाकोट नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको सविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गैंडाकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१) सक्षिप्त नाम र प्रारम्भः क. यस ऐनको नाम " गैंडाकोट नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

ख. यो ऐन २०८१ साल श्रावण १ गते देखि गैंडाकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. आर्थिक वर्ष २०८१/०८२ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१ का निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसची- १ मा उल्लिखित चालु खर्च, पुजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,०१,६७,९९,९९९।- (अक्षरुपी एक अरब एक करोड सतसट्ठी लाख उनान्सय हजार नौ सय उनान्सय मात्र ) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त गैंडाकोट नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को सोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकका जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसुचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको सविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पुँजिगत कार्यक्रम खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका कार्यालय संचालन खर्च( नगर प्रहरी समेत ) | १७०३००००० | | | १७०३००००० |
| २ | विभिन्न वडा स्तरीय र पूर्वाधार विकास समितीका आयोजनाहरु | | २१२२५०००० | | २१२२५०००० |
| ३ | शशर्त अनुदान संघीय सरकार र प्रदेश सरकार | ३३३४१६००० | १७२४०००० | | ३५०६५६००० |
| ४ | विषयगत समितिका योजनाहरु (आर्थीक, सामाजिक संस्थागत विकास तथा सेवा प्रवाह र वातावरण तथा विपद् व्यवस्थापन समित) | १०५७५०००० | २४७००००० | | १३०४५०००० |
| ५ | विशेष अनुदान संघीय तथा प्रदेश सरकार | | १६०००००० | | १६०००००० |
| ६ | गत वर्षका दायित्व | | ३९६४३९९९ | | ३९६४३९९९ |
| ७ | सवारीसाधन, मेसिनरी औजार र फर्निचर फिक्चर्स | | ५०००००० | | ५०००००० |
| ८ | समपुरक अनुदान संघीय सरकार र प्रदेश सरकार | | ६०००००० | | ६०००००० |
| ९ | पानि पुनार्भारण +गैंडाकोट स्वास्थ्य चौकी +सेवा परामर्श + अन्य संस्था सहायता | | १७०००००० | | १७०००००० |
| १० | नगरपालिका समपुरक साझेदारी | | ६०००००० | | ६०००००० |
| ११ | नगरपालिका बाट साझेदारी( सडक बोर्ड ) | | ४०००००० | | ४०००००० |
| १२ | अन्य पुँजीगत सार्वजनिक निर्माण + भैपरी आउने पुँजीगत निर्माण | | १००००००० | | १००००००० |
| १३ | सामाजिक सहायत | २५००००० | | | २५००००० |
| १४ | फोहोरमैला प्रशोधन केन्द्र | | ५०००००० | | ५०००००० |
| १५ | गत वर्षका क्रमागत योजना | | ४२०००००० | | ४२०००००० |
| | **जम्मा** | ६११९६६००० | ४०४८३३९९९ | | १०१६७९९९९ |
| | प्रतिशत | ६०.१९% | ३९.८१% | | |